आज मिति २०८१ साल फाल्गुन महिना २९ गते बिहिवार दिनको २:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को १८ औं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्यूको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो ।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानी मैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवि किरण आचार्य | स. सचिव | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २० | श्री सञ्जय रेग्मी | अ.स्तर छैटौं | बे.न.पा. | | |
| २१ | श्री रण बहादुर बुढाथोकी | क.अ. | बे.न.पा. | | |
| २२ | श्री | | | | |
| २३ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्ष: २०८१/०८२

नगर कार्यपालिका बैठक संख्या:१८

मितिः २०८१/११/२९गते दिनको २ बजे

<u>प्रस्तावहरूः</u>

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. १० शैय्या अस्पताल निर्माणका लागि जग्गा खरिदसम्बन्धमा ।

३. Biometric Device खरिद सम्बन्धमा ।

४. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सम्झौता सम्बन्धमा ।

५. DPR सम्बन्धमा ।

६. सोमवारे-मायुङ्टार र आम्वासी-भागलपुर सडकको ठेक्का सम्झौता अनुमोदन सम्बन्धमा ।

७. वडा नं. ४, ५ र ९ मा सञ्चालित आयोजना स्ल्याव कल्भर्ट निर्माण (७ वटा) योजना सम्बन्धमा ।

८. नगर अस्पतालको बेड स्तरोउन्नती सम्बन्धमा ।

९. रोजगार सहायकको नियुक्ति सम्बन्धमा ।

१०. कानूनी सल्लाहकार व्यवस्थापन सम्बन्धमा ।

११. अव्यवस्थित वस्तिहरूको जग्गा नापी कार्य शुचारू सम्बन्धमा ।

१२. नि. प्रमुख प्रशासकीय अधिकृतले गरेका काम कार्वाहि सम्बन्धमा ।

१३. कार्यविधि सम्बन्धमा

(क)बेलका नगरपालिका महिला अधिकार समिति, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि ।

(ख) बेलका नगरपालिका अल्पकालीन महिला सुरक्षावास सञ्चालन तथा व्यवस्थापन कार्यविधि ।

१४. बेलका नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण सम्बन्धमा

१५. स्वास्थ्य उपचार सहयोग रकम सम्बन्धमा ।

१६. रामपुर खानेपानी आयोजनामा पाइपलाइन विस्तार छुट भएको स्थानमा पाइपलाइन विस्तार गर्ने सम्बन्धमा ।

१७. विविध सम्बन्धमा ।

(क) वडागत योजना कार्यान्वयन सम्बन्धमा ।

(ख) हिउँदे नगर सभा सम्बन्धमा ।

(ग) योग प्रशिक्षणमा अनिवार्य उपस्थिति सम्बन्धमा ।

(घ) तह वृद्धि सिफारिस समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

रवि किरण आचार्य
निमित प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा साविकका कार्यपालिका निर्णयहरूको कार्यान्वयनको अवस्थाको विषयमा कार्यपालिकाका सदस्य सचिवबाट अन्य पदाधिकारी समक्ष पेश गरी समीक्षा गरियो । कार्यान्वयन हुन नसकेका निर्णयहरू क्रमशः यथाशीघ्र कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ६ मा निर्माणका लागि प्रस्तावित १० शैय्या आधारभूत नगर अस्पताल निर्माणका लागि राष्ट्रिय वनको जग्गा सट्टाभर्ना प्रयोजनार्थ बेलका नगरपालिकाले मिति २०८०/०५/११ मा निःशुल्क जग्गादानका लागि प्रकाशन गरेको सूचना उपर कुनै आवेदन नपरेको र मिति २०८०/०५/२४ मा सशुल्क जग्गा प्रासिका लागि प्रकाशित सूचना उपर तोकिएका मापदण्ड पूरा गरेको बेलका नगरपालिका वडा नं. ६ बस्ने मृतक राम बहादुर राईको नाममा दर्ता कायम रहेको साविक कटुन्जे बबला ४(क) कि.नं. ३३क्षेत्रफल ३७-२-२-३ र कि.नं. ३२ क्षेत्रफल १२-१२-२-३ का २ (दुई) कित्ता जग्गा सशुल्क दिनका लागि निज मृतक राम बहादुर राईको नाती, दुर्गा बहादुर राईको छोरा जग्गाका हकवाला श्री भोजराज राईले निवेदन पेश गर्नुभएकोमा उक्त जग्गा खरिद गरी अन्य प्रकृया अगाडि बढाउन मनासिव देखिएको र हाल उक्त जग्गा अंश बन्डा तथा नामसारी भई मृतकका हकवाला नाती श्री भोजराज राईकै नाममा मिति २०८१/११/२८ देखि कायम भएको देखिएकाले सो जग्गा छनौट गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै, सो जग्गाका सम्बन्धमा निवेदकले माग गरेको मूल्य,स्थानीय चलनचल्तीको मूल्य,मालपोत कार्यालयले तोकेको मूल्य, किटानी सर्जमिन मूचुल्का,सार्वजनिक सुनुवाई तथा राजनीतिक दलको सहमतिको आधारमा कायम भएको मूल्य रु. ९,९८,०००।- (अक्षरेपी नौ लाख अन्ठान्बे हजार मात्र) लाई यस कार्यपालिकाद्वारा अनुमोदन गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५, खण्ड १(क) बमोजिम नगरपालिकाको नाममा खरिद गर्ने निर्णय गरियो । साथै सो जग्गापासमा नियमानुसार लाग्ने राजस्व नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण व्यवस्थापन तथा सहजिकरणको लागि प्रविष्ट, नवीकरण, दर्ता र राष्ट्रिय परिचय व्यवस्थान प्रणाली कार्यलाई व्यवस्थित गर्ने प्रयोजनको लागि हरेक स्थानी तहले नै आफ्नो वडा कार्यलायको लागि Biometric Device खरिद गर्न भनी राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागको च.नं. ३९३ र मिति २०८१/०२/०४ गते र च.नं. १२० मिति २०८१/११/०५ को पत्रानुसार स्वीकृत स्पेसिफिकेशन बमोजिमको मेशिन खरिद गरी व्यवस्थापन गर्न भनिएको हुँदा यस बेलका नगरपालिका अन्तरगत रहेका सबै वडा कार्यालयहरू (१-९) र पञ्जीकरण शाखामा समेत २ वटा उक्त यन्त्र रहने गरी जम्मा ११ (एघार) वटा वायोमेट्रिक यन्त्र खरिद गरी भुक्तानी गर्ने निर्णय पारित गरियो ।

अशोक कार्की
प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बेलका नगरपालिकाबीच २५०० थान विद्युतीय चुलो, २५०० थान सुधारिएको चुलो र ५० थान घरायसी बायोग्यास लागत साझेदारीमा बेलका नगरपालिकाका लाभग्राहीहरूलाई वितरण गर्ने सम्बन्धी सम्झौता भएको र सो सम्झौता कार्यान्वयनका लागि नगरपालिकाबाट लागत साझेदारीको बजेट सुनिश्चितता तथा प्रतिवद्धता माग भई आएको हुँदा सम्झौतामा उल्लिखित शर्तअनुसार विद्युतीय चुलोमा कूल लागतको १९ प्रतिशत, सुधारिएको चुलोमा १५ प्रतिशत र घरायसी बायोग्यासमा १० प्रतिशत लागत साझेदारीको रकम नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । साथै सो रकम विनियोजन गर्न भनी आगामी नगर सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलका नगरपालिकाभित्र विभिन्न ठूला आयोजनाहरू माग गरी कार्यान्वयन प्रयोजनार्थ प्रत्येक वडाबाट २/२ वटा ठूला योजनाहरू छनौट गरी कार्यान्वयनका लागि विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तथा अन्य तयारी गर्ने निर्णय गरियो । सो तयारीका लागि चालु आर्थिक वर्षको ब.शी.नं. १८.१, १८.२ र १८.३ मा विनियोजित योजना बैङ्कमा राख्ने योजना तयारी शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिकाका चालु आर्थिक वर्षमा सञ्चालन हुने समपूरक अनुदान अन्तर्गतका योजनाहरू सोमबारे – मायुङटार र आम्बासी - भागलपुर सडक निर्माण तथा स्तरोन्नतिका लागि आह्वान गरिएको ठेक्का सम्झौतालाई यस कार्यपालिकाद्वारा अनुमोदन गरियो । साथै सो आयोजनाहरूमध्ये आम्बासी – भागलपुर – रामपुर सडक खण्डमा पाइपकल्भर्ट राख्न र बेलका जनता मा.वि. नजिक सडकमा मेडियन स्ट्रिप राख्न आवश्यक देखिएको र सोमबारे – मायुङटार सडकमा ग्याविन रिटेनिङ वाल थप गर्न आवश्यक देखिएको हुँदा सो कार्यका लागि हालकै ठेक्कामा भेरिएसन आदेश जारी गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका नगपालिका वडा नं. ४, ५ र ९ मा सञ्चालन भएका ७ वटा मध्ये ६ वटा स्ल्याबकल्भर्ट निर्माण हुँदा BOQ मा भएको कूल परिमाण मध्ये करिब ९० प्रतिशत परिमाण उपयोग भएको र मैनी खोलाको सम्बन्धमा साइट अवलोकन गर्ने क्रममा उक्त खोलाको बहाव क्षेत्र करिब १३ मिटर रहेको र दुवैतर्फको किनारा कटान भएको हुँदा नापजाँच गर्दा सो स्थानमा स्ल्याबकरल्भर्ट फिजिबल नभएको हुँदा नगर प्रमुख, नगर उप प्रमुख, प्राविधिक, निर्माण व्यवसायी तथा स्थानीय सरोकारवालाहरूसँग संयुक्त छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा बेलका नगर अस्पतालमा बिरामीको चाप बढ्दै गएको र हाल भइरहेको बेड लगायत पूर्वाधारहरूले बिरामीको चाप धान्न नसक्ने अवस्था भएको साथै १० शैय्या

आधारभूत नगर अस्पताल निर्माण सम्पन्न हुन समेत समय लाग्ने देखिएकाले बेड लगायत अन्य पूर्वाधार सहित सुविधा विस्तार गर्नका लागि अस्थायी भवन निर्माण गर्ने, सो कार्यका लागि प्राविधिक लागत अनुमान तयार पार्ने साथै बजेटको व्यवस्था गरिदिनका लागि आगामी नगर सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा नगरपालिकाले आह्वान गरेको रोजगार सहायकको पदपूर्ति सम्बन्धी विज्ञापन उपर रीतपूर्वक पर्न आएका आवेदकहरूको "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायकको पदपूर्तिसम्बन्धी मापदण्ड – २०७५" बमोजिम संक्षिप्त सूची प्रकाशन, लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरी अन्तिम नतिजा समेत प्रकाशन भएको अवस्थामा विभिन्न कारणले करार सम्झौता प्रक्रिया रोकिएको हुँदा परीक्षामा सहभागी भई उत्तिर्ण भएका तथा सेवा करार नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारसँग सेवा करार सम्झौता गरी कामकाज गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा नगरपालिकामा कानूनी परामर्शका लागि सेवा करारमा कानूनी सल्लाहकारबाट सेवा लिँदै आएकोमा सेवा करारमा कानूनी सल्लाहकार राख्न नमिल्ने भनी महालेखा परीक्षकले सुझाव दिएको हुँदा कानूनी सल्लाहकार पदमा सेवा करारमा कार्यरत श्री सुरेन्द्र बस्नेतको माघ महिनादेखि करार नवीकरण नगर्ने निर्णय गरियो । निजले माघ महिनाभन्दा पछाडि गरेको कार्यको उचित पारिश्रमिक प्रदान गर्ने साथै सो पदमा परामर्श सेवामार्फत सेवा लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । परामर्श सेवाबाट अर्को व्यवस्था नभएसम्म कानूनी परामर्श सम्बन्धी सेवा आवश्यक परेमा पटके सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा बेलका नगरपालिका क्षेत्रभित्रका वस्तीमा जग्गा नापी प्रयोजनार्थ राष्ट्रिय भूमि आयोग, उदयपुर कार्यालयबाट विज्ञ सहितको टोली बोलाई छलफल गर्ने निर्णय गरियो । साथै सो छलफलमा भूमि समस्या समाधान कोष सञ्चालन कार्यविधि निर्माण सम्बन्धी प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै बेलका नगरपालिका वडा नं. ५ र ४ को वडा समितिले सिफारिस गरी पठाएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरूलाई व्यवस्थापन गर्न पूर्जा तयारी प्रकृयाको लागि स्वीकृत गरी सो विवरणमाथि थप जाँचबुझका साथ देहायका परिवारलाई देहाय बमोजिम प्रमाणित तथा स्वीकृत गरी प्रमाणीकरणका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति, उदयपुरमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कार्यालय बाहिर रहेको अवस्थामा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री रवि किरण

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उदयपुर

आचार्यले सम्पादन गरेका सम्झौता, ठेक्का आह्वान, आशयपत्र लगायतका कार्य यस कार्यपालिकाद्वारा अनुमोदन गरियो ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगर कार्यपालिकामा पेश हुन आएका कार्यविधिहरू निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) बेलका नगरपालिका अल्पकालिन महिला सुरक्षावास सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, अनुमोदन गरियो ।

(ख) बेलका नगरपालिका मेलमिलाप केन्द्र संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, अनुमोदन गरियो।

(ग) बेलका नगरपालिका महिला अधिकार समिति संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, आवश्यक छलफल गरी पारित गर्ने सो सम्बन्धी मस्यौदा विधायन समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको संस्था (OPD) सुदृढीकरण तथा अपाङ्गता सशक्तीकरण कार्यक्रम सञ्चालनका लागि अनुदान सहयोग (बेलका अपाङ्ग संघको अनुदान प्रस्ताव अनुसार) निर्णय गरियो । साथै सो कार्यक्रम अन्तर्गत तपशीलको अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचारमा सहयोग उपलब्ध गराउने अपाङ्गता

| क्रस | नाम थर | ठेगाना | स्वास्थ्य उपचारको किसिम | माग खर्च रकम रु. | सिफारिस रकम रु |
|---|---|---|---|---|---|
| १ | श्री दिल बहादुर श्रेष्ठ | बेनपा.६ | आंखाको उपचार | ३,२०४। | ३,२०४। |
| २. | श्री भिजन विश्वकर्मा | बेनपा.४ | निमोनिया/स्पाईनल मस्कुलर एट्रोफि | ६५,१५१। | १५,०००। |
| ३. | श्री सजिना विश्वकर्मा | बेनपा.४ | Spine of D- L | २२,६७५। | १२,०००। |
| ४ | श्री मान बहादुर तामाङ्ग | बेनपा.२ | स्ट्रोक (प्रेसरले हानेको) | १,००,०००। | १२,०००। |
| ५. | श्री पृथुलाल राई | बेनपा.६ | मृगौला रोग (अतिअशक्त अपाङ्गता) | २४,६३०। | १२,०००। |
| ६. | श्री मिना राई | बेनपा.६ | आखाको उपचार(अप्रेसन) | १०,६३४। | १०,६३४। |
| ७. | श्री प्रविन विश्वकर्मा | बेनपा.४ | शारीरिक अपाङ्गता (दुर्घटना) | १३,४६१। | १२,०००। |
| | जम्मा रु | | | ९१,०३०। | ७६,८३८। |

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

रवि किरण आचार्य
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा तपशील बमोजिमको बालकल्याण कोषबाट स्वास्थ्य उपचार, पुनःस्थापना, खोज तथा उद्धारको लागि प्रदान गर्ने बालअधिकार समितिको निर्णय अनुमोदन गर्ने।

तपशील

| क्रस | निवेदकको नामथर | ठेगाना | निवेदनको विषय | बैठकको निर्णय |
|---|---|---|---|---|
| २. | लक्ष्मण विष्ट | बेनपा.२ | उपचारको लागि आर्थिक सहयोग गरिपाऊ भन्ने सम्वन्धमा। | १०,०००। |
| ३. | राहुल तामाङ्ग | बेनपा.९ | निवेदक बालकको बुवाको मृत्यु भई आमा घरेलु कामदारको रुपमा भारत गएको र ३ जना भाईवहिनीको संरक्षकको रुपमा निज बालक रहेको र गाँस,वास, शिक्षा र स्वास्थ्यको लागि आवश्यक वस्तुको अभाव भएको हुदा आवश्यक सहयोगका लागि माग गरेको। | १०,०००। |
| ४. | प्र.स. नि. नारायण कटुवाल इलाका प्रहरी कार्यालय | बे.नपा.९ | मिति २०८१/६/१४ गते बेनपा.९ को अपहरणमा परेको बालकको खोजी तथा उद्धार गर्ने क्रममा लागेको कुल खर्च रकम रु. ५०,७००।(पचास हजार सातसय मात्र।) रकममा पालिकाको बाल कल्याण कोषबाट सहयोग माग गरिएको । | २५,०००। |

**निर्णय नं. १६** प्रस्ताव नं. १६ माथि छलफल गर्दा रामपुर खानेपानी आयोजनाको पाइपलाइन बिस्तार गर्ने क्रममा बेलका नगरपालिका -९ भचुवा स्थित सुन्दर टोल विकास तथा रमाइलो टोल विकास क्षेत्र अन्तर्गतको भचुवा रिङरोडको आसपासका वस्तीहरूमा पाइपलाइन विस्तार गरिदिन माग निवेदन भएको हुँदा आवश्यकता अनुसार प्राविधिक अध्ययन गराई लागत अनुमानमा समावेश नभएको परिमाणको भेरियसन आदेश तथा लागत अनुमान संशोधन गरी उक्त क्षेत्रमा पाइपलाईन विस्तार गर्न निर्देशन गर्ने तथा तथा तत्काल प्राविधिकबाट उक्त क्षेत्रमा बाटोको दुवैपट्टी पाइप विस्तार हुने गरी काम गराउन निर्माण व्यवसायीलाई कार्यदेश दिने निर्णय गरियो ।

**निर्णय नं. १७** विविध (क) माथि छलफल गर्दा बेलका नगरपालिकाका वडास्तरीय योजनाहरू सञ्चालनार्थ रु ५ लाख वा सोभन्दा बढी लागत बजेटका आयोजनाहरू Quotation मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

रवि किरण आचार्य
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**विविध (ख)** माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/८२ को हिउँदे नगर सभा यथाशीघ्र सञ्चालन गर्ने निर्णय गरियो । सो सम्वन्धी सम्पूर्ण तयारी गर्नका लागि सम्बन्धित शाखा, समिति तथा वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

**विविध (ग)** माथि छलफल गर्दा बेलका नगरपालिकाको आयोजनामा संञ्चालन भइरहेको निःशुल्क योग शिविर तथा प्रशिक्षणमा बेलका नगरपालिकामा कक्षा ६ वा सोभन्दा माथिल्लो कक्षा सञ्चालन भइरहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूबाट १ जना शिक्षक अनिवार्य सहभागि हुनका लागि निर्देशन गर्ने निर्णय गरियो ।

**विविध (ग)** माथि छलफल गर्दा बेलका नगरपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०८१/११/२६ गतेको निर्णय यस कार्यपालिकाद्वारा अनुमोदन गरियो ।

अशोक कार्की
नगर प्रमुख